# सिद्धार्थनगर नगरपालिका

## नगरपालिकाको आ.व. २०६९।७० को न्यूनतम् शर्त मापनको मूल्यांकन नतिजा तालिका

| समूह : | ३४ | नगरपालिका कोड : | |
|---|---|---|---|

| सूचक | नं | विश्लेषण तालिका | छ | छैन | न्यूनतम् शर्त पुरा | व्याख्या र पुष्ट्याई | श्रोतहरु |
|---|---|---|---|---|---|---|---|
| **वार्षिक कार्यक्रम तथा बजेट स्वीकृति** | १ | चालु आ.व.को बजेट तथा कार्यक्रम गत आ व को पौष मसान्तभित्रै नगर परिषद्ले स्वीकृत गरेको | ✔ | | **भएको** | - मिति ०६९।९।२६ गते बसेको १६ औं नगरपरिषद्ले कार्यकारी अधिकृत श्री टिकादत्त राईको अध्यक्षतामा एकल परिषद्को प्रयोग गरी आमन्त्रित कर्मचारी, राजनैतिक दलका प्रतिनिधि, वडा सचिव लगायत ५८ जनाको उपस्थितिमा आ.व.०७०।७१ को अनुमानित कार्यक्रम तथा बजेट रु.२७,४१,२०,०००।-, ५३ वटा योजना तथा कार्यक्रम सहित योजनागत रुपमा स्वीकृत गरिएको । कूल बजेट मध्ये चालू खर्च रु.७,०२,६२,५००।- र पूँजीगत रु.२०,३८,५७,५००।- अनुमानित आय रु.४,८८,९२,५००।- भएकोमा आय स्रोतहरुमा करबाट रु.१,८९,००,०००।-, सेवा शुल्क रु.१,४१,६०,०००।-, दस्तुर रु.१,१०,००,०००।-, विक्री रु.३,००,०००।- र अन्य आय रु.४५,३२,५००।- रहेको । अनुदान रु.२०,६०,००,०००।- र अन्य स्रोतबाट रु.१,९२,२७,५००।- राजश्व बाँडफाँडबाट अनुमान नगरिएको । स्वीकृत कार्यक्रम र बजेट पारित भएपछि एक महिना भित्र मन्त्रालय जिविसमा पठाएको अभिलेख प्राप्त हुन नसकेको । ऐनको दफा ९४ तथा नियमावलीको नियम १३६ बमोजिम गत आ.व.को पौष मसान्त भित्रै अवण्डामा रकम नराखी चालू आ.व.को वार्षिक कार्यक्रम र बजेट स्वीकृत गरेको । | नगर योजना पुस्तिका २०७०।०७१, परिषद्को माइन्यूट, फाइल अध्ययन पत्रहरु |
| | | सबै बजेट कार्यक्रमगत वा आयोजनागत रुपमा बाँडफाँड गरी स्वीकृत भएको | ✔ | | | | |
| | | स्वीकृत कार्यक्रम र बजेट विवरण पारित भएको मितिले एक महिना भित्र मन्त्रालय र जिविसमा पठाएको | ✔ | | | | |
| मापन तालिकाको सबै कोठाको "छ"मा ( ✔ ) चिन्ह लागेमा यो शर्त पूरा हुने तर आ.व. ०६९/७० को लागि मापन तालिकाको पहिलो कोठाको "छ"मा ( ✔ ) चिन्ह लागेमा यो शर्त पुरा हुने । | | | | | | | |
| **वार्षिक प्रगति समीक्षा** | २ | वार्षिक प्रगति समीक्षाका लागि सबै सरोकारवालाहरु (राजनीतिक दल सञ्चारकर्मी, नागरिक समाजका प्रतिनिधिहरु लगायत ) लाई आमन्त्रण गरेको | ✔ | | **भएको** | - आ.व.२०६८।०६९ मा संचालित योजना तथा कार्यक्रमहरुको प्रगती समीक्षा गर्न सरोकारवालाहरुको उपस्थितिका लागि च.नं.१८७८ मिति ०६९।५।३१ को पत्रानुसार राजनैतिक दलका प्रमुख तथा प्रतिनिधि, संघ संस्था, बुद्धिजीवी, पत्रकार, वडा सचिवहरु, कार्यालयका प्रमुख तथा प्रतिनिधि रेडियो टेलिभिजन सहितलाई पत्रद्वारा आमन्त्रण गरी पत्र बुझाएको भरपाई समेत राखिएको । जस अनुसार मिति ०६९।६।४ मा १२४ जनाको उपस्थितिमा समीक्षा बैठक भई विवरण प्रस्तुत गरी छलफल गराइएको । प्रमुख निर्णयहरुमा सडक ढल निर्माणलाई पहिलो प्राथमिकता दिनुपर्ने, सडक बत्तीको महशुल वैज्ञानिक हुनुपर्ने, करका दररेट वैज्ञानिक नभएकोले आन्तरिक आय बृद्धि हुन नसकेको, फोहरमैलाको उचित व्यवस्थापन गर्ने जस्ता निर्णय गरिएको । प्रगति समीक्षाको प्रतिवेदन तयार गरिएको तर समीक्षा भएको मितिले एक महिना भित्र मन्त्रालय पठाएको अभिलेख प्राप्त हुन नसकेको । वेभसाइडमा राख्ने र सूचना पाटीमा टाँसी मुचुल्का राखिएको र यसरी नै सार्वजनिक गरिएको । ऐनको दफा ११८ र नियमावलीको नियम १३९ बमोजिम गत भन्दा अघिल्लो आवमा सम्पन्न योजना तथा कार्यक्रमको वार्षिक प्रगती समीक्षा गत आ.व.को पहिलो चौमासिक भित्र गरिएको । | आमन्त्रण पत्र, प्रतिवेदन, समीक्षा बैठक पुस्तिका, कार्यालय फाइल, वेभ साइड, पत्रहरु |
| | | गत आ.व. भन्दा अघिल्लो आ.व.मा सम्पन्न कार्यक्रमको वार्षिक प्रगति समीक्षा गत आ. व. को प्रथम चौमासिक अवधि भित्र सम्पन्न गरेको | ✔ | | | | |
| | | प्रगति समीक्षाको प्रतिवेदन समीक्षा भएको मितिले एक महिना भित्र मन्त्रालयमा पठाएको | | ✔ | | | |
| | | समीक्षाको निष्कर्ष समीक्षा सम्पन्न भएको मितिले पन्ध्र दिन भित्र सूचना पाटी र वेभ साइट वा स्थानीय रेडियो वा पत्रिका मार्फत सार्वजनिक गरेको | ✔ | | | | |
| मापन तालिका को सबै कोठाको "छ"मा ( ✔ ) चिन्ह लागेमा यो शर्त पूरा हुने तर आ.व. ०६९/७० को लागि मापन तालिकाको पहिलो र दोस्रो कोठाको "छ"मा ( ✔ ) चिन्ह लागेमा यो शर्त पूरा हुने । | | | | | | | |

# सिद्धार्थनगर नगरपालिका

## नगरपालिकाको आ.व. २०६९।७० को न्यूनतम् शर्त मापनको मूल्यांकन नतिजा तालिका

| समूह : | ३४ | नगरपालिका कोड : | |
|---|---|---|---|

| सूचक | नं | विश्लेषण तालिका | छ | छैन | न्यूनतम् शर्त पुरा | व्याख्या र पुष्ट्याई | श्रोतहरु |
|---|---|---|---|---|---|---|---|
| चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन | ३ | प्रथम चौमासिक प्रगति प्रतिवेदन गत आ.व.को मार्ग सात गते भित्र पठाएको | ✔ | | भएको | - आ.व.०६९।७० को प्रथम चौमासिक भौतिक प्रतिवेदन च.नं.३६३८ मिति ०६९।८।५ मा एक्सप्रेस डेलिभरी मार्फत् पठाएको । दोस्रो चौमासिक प्रगति प्रतिवेदन च.नं.७५१२ मिति ०६९।१२।६ मा हुलाक मार्फत् पठाएको । तेस्रो चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन च.नं. २०२ मिति ०७०।४।४ मा हुलाक मार्फत पठाएको । वेभसाइड मार्फत् पनि सार्वजनिक गर्ने गरेको र मन्त्रालय पठाएको । यसैगरी आर्थिकको प्रथम चौमासिक च.नं. ३६७६ मिति ०६९।८।६ मा दोस्रो च.नं. ८५०५ मिति ०६९।१२।४ तेस्रो तथा वार्षिक च.नं.२२३ मिति ०७०।४।६ मा र आर्थिक विवरण च.नं.६९६ मिति ०६९।४।१५ मा हुलाक मार्फत् पठाएको । स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि ०६९ अनुसार तोकिएको मितिमा प्रतिवेदनहरु पठाइएको । | कार्यालयको फाइल कपि, पत्रहरु |
| | | दोस्रो चौमासिक प्रगति प्रतिवेदन गत आ.व. को चैत्र सात गतेभित्र पठाएको | ✔ | | | | |
| | | तेश्रो चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन चालु आ.व. को श्रावण पन्ध्र गते भित्र पठाएको | ✔ | | | | |
| मापन तालिकाको सवै कोठाको “छ”मा ( ✔ ) चिन्ह लागेमा यो शर्त पूरा हुने । | | | | | | | |
| नगरपालिका कोषको खाता सञ्चालन | ४ | नगरपालिका कोष खाता सञ्चालन भएको । | ✔ | | भएको | - नपाको गैह्र कार्यसंचालन खाता रहेको बैंक- नेपाल राष्ट्र बैंक भैरहवा ।<br>मुख्य खाता<br>ग-४-३४००२ स्थानीय निकाय कोष खाता<br>ग-४-३-३४०३०२ स्थानीय निकाय आन्तरिक श्रोत विविध आम्दानी खाता<br>ग-४-५-३४०५०२ वैदेशिक दातृ राष्ट्र वा अन्य संस्थाबाट प्राप्त ऋृण अनुदान<br>- नपामा प्राप्त हुने सबै आम्दानीहरु माथिका खाताहरुमा जम्मा हुने<br>खर्च खाताहरु<br>ग-२-१-३२०१०४ चालू खर्च (नगरपालिका बजेट)<br>ग-२-२-३२०२०२ पूँजीगत खर्च<br>ग-३-३३०००२ स्थानीय निकाय धरौटी खाता<br>- नपामा प्राप्त हुने सबै आम्दानी ग-४ स्थानीय निकाय कोष खातामा जम्मा हुने र त्यस खाताबाट टिप्पणी सदर भएपछि चेककाटी खर्च खातामा रकम जम्मा गरी खर्च खाताबाट मात्र खर्च गर्ने प्रकृया रहेको सोझै गैह्र संचालन खाताबाट खर्च गर्ने प्रक्रिया नभएको ।<br>- आ.व.को अन्तमा ग २-१ र ग २-२ मा रहेको वचत रकम स्थानीय निकाय कोष खातामा चेककाटी जम्मा गरी खर्च खाताहरु शुन्य Balance गर्ने गरेको ।<br>- आ.व.२०६९।०७० को अन्तमा गैह्र कार्य संचालन खातामा बाँकी रहेको रकम रु.२३,१२,८७५।९९<br>- कार्य संचालन खाताहरुमा बाँकी रकम शुन्य<br>- फ्रिज रकम शुन्य हुँदा फ्रिज गर्नुपर्ने रकम नभएको देखिन्छ । | बैंक स्टेटमेण्ट, पत्रहरु, खाताहरु |
| | | नगरपालिकाको नाममा प्राप्त सबै प्रकारका आम्दानी रकम न.पा. कोष ( ग ४ ) मा आम्दानी बाधेको | ✔ | | | | |
| | | स्वीकृत बजेट र कार्यक्रमका आधारमा कार्यसञ्चालन खातामा स्थानान्तरण गरेको | ✔ | | | | |
| | | कार्यसञ्चालन खातामा रहेको रकममध्ये आ.व. को अन्त्यमा बाँकी हुन आएको रकम न. पा. कोषमा जम्मा गरेको | ✔ | | | | |
| | | आ.व. को अन्त्यमा फ्रिज गर्नुपर्ने सबै रकम फ्रिज गरेको | ✔ | | | | |
| नोट : फ्रिज हुने रकम भन्नाले नेपाल सरकारबाट निकासा भएको सबै नि:शर्त, सशर्त, पूँजिगत तथा चालू अनुदान रकमलाइ जनाउछ ।<br>मापन तालिकाको सवै कोठाको “छ”मा ( ✔ ) चिन्ह लागेमा यो शर्त पूरा हुने । | | | | | | | |

# सिद्धार्थनगर नगरपालिका

## नगरपालिकाको आ.व. २०६९।७० को न्यूनतम् शर्त मापनको मूल्यांकन नतिजा तालिका

| | | | |
|---|---|---|---|
| **समूह :** | ३४ | **नगरपालिका कोड :** | |

| सूचक | नं | विश्लेषण तालिका | छ | छैन | न्यूनतम् शर्त पुरा | व्याख्या र पुष्ट्याई | श्रोतहरु |
|---|---|---|---|---|---|---|---|
| **कर तथा आयस्रोतको अभिलेख** | ५ | मालपोतको अद्यावधिक अभिलेख व्यवस्थित गरिराखेको | | | **भएको** | - मिति २०६८।९।२८ गते बसेको १५ औं नगर परिषद्को निर्णय नं. १९ बाट आ.व.२०६९।०७० देखि एकीकृत सम्पत्ति कर लागू गर्ने निर्णय गरी लागू गरेको साथै घरजग्गा करमा वक्यौता रकम हालसम्म उठाउँदै आएको ।<br>- अभिलेख सांग्रीला प्याकेजको करदाता सूचना प्रणाली (IPT) प्याकेजद्वारा व्यवस्थित गरी राखेको ।<br>कूल करदाता संख्या - ११२६९<br>आ.व. २०६९।०७० मा संकलित रकम रु.७६,७५,२९७४९<br>उठ्न बाँकी रकम रु.१६,५५,०५९।९५<br>मालपोतको वक्यौता रकम<br>कूल करदाता संख्या - २३१४६ कित्ता ४६००५<br>उठेको रकम रु.५,४१,२५६।६६<br>उठ्न बाँकी रकम रु.४,४१,८०३।९७<br>व्यवसाय कर<br>कूल करदाता संख्या ३४१९<br>आ.व.२०६९।०७० मा संकलित रकम रु.२९,४०,९१८।१६<br>आ.व.२०६९।०७० मा उठ्न बाँकी रकम रु.२,५२,३९,३२१।७५ | नगर वोर्ड निर्णय पुस्तिका, नगर परिषद् बैठक पुस्तिका, आ.व. २०६९।०७० को वार्षिक आ.वि. तथा कम्प्युटर अवलोकन |
| | | घर जग्गा कर<br>वा एकीकृत सम्पत्ति करको अद्यावधिक अभिलेख व्यवस्थित गरिराखेको | ✔ | | | | |
| | | व्यवसाय करको अद्यावधिक अभिलेख व्यवस्थित गरिराखेको | ✔ | | | | |
| मापन तालिकाको सबै कोठाको "छ"मा ( ✔ ) चिन्ह लागेमा यो शर्त पूरा हुने । तर एकिकृत सम्पत्ति कर लागू भएका नगरपालिकाको हकमा दोस्रो र तेस्रो कोठाको "छ" मा ( ✔ ) चिन्ह लागेमा यो शर्त पूरा हुने । | | | | | | | |
| **लेखापरीक्षण तथा बेरुजु फछ्र्यौट** | ६ | गत आ.व. भन्दा अघिल्लो आ.व.को अन्तिम लेखापरीक्षण गत आ व भित्र सम्पन्न गरेको | ✔ | | **भएको** | - आ.व. २०६८।०६९ को लेखापरीक्षण गर्ने कम्पनी भुर्तेल एण्ड एसोसियट चार्टर एकाउन्टेन्टले मिति २०६९।८।२६ को पत्र बमोजिम अन्तिम लेखापरीक्षण गरी प्रतिवेदन दिएको सो प्रतिवेदन नपामा दर्ता नं. १००७२ मिति २०६९।८।२६ मा दर्ता भै सो प्रतिवेदन उपर मिति २०६९।९।२६ मा बसेको १६ औं नगरपरिषद्को निर्णय नं. ४ मा प्रतिवेदनका सुझावहरुलाई कार्यान्वयन गर्न नपालाई सुझाव साथ निर्देशन दिने निर्णय गरेको ।<br>- सिद्धार्थनगर नपाले आ.व.२०५१।०५२ देखि आ.व.२०६८।०६९ सम्मको बेरुजु अनुसूची नं. ७५ बमोजिम राखेको । आ.व.२०६८।०६९ सम्मको कूल बाँकी पेश्की रु.१७,२६,९८९।३३ मध्ये आ.व.२०६८।०६९ को मोविलाइजेशन पेश्की रु.११,७१,०००।- दिएकोमा मोबिलाइजेशन पेश्की रु.११,७१,०००।- आ.व.२०६९।७० मा फछ्र्योट गरी पुरानो पेश्की रु.५,५५,९८९।३३ मात्र रहेको देखिन्छ । | लेप प्रतिवेदन र नगर परिषद् निर्णय पुस्तिका |
| | | लेखापरीक्षण प्रतिवेदन उपर नगर परिषद्मा छलफल भइ निर्णय भएको | ✔ | | | | |
| | | गत आ.व. भन्दा अघिल्लो आ. व. सम्मको बेरुजुको अद्यावधिक अभिलेख आर्थिक पशासन नियमावली को अनुसूची ७५ को ढाँचामा राखेको | ✔ | | | | |
| | | पेश्की तथा बेरुजु फछ्र्यौट सम्बन्धी कारवाही गरेको | ✔ | | | | |
| नोट : नगरपरिषद् सम्पन्न हुँदाको अवस्थामा गत आ.व.भन्दा अघिल्लो आ.व. को लेखापरीक्षण प्रतिवेदन प्राप्त भइ नसकेको भए सोभन्दा अघिल्लो आ.व. को लेखापरीक्षण प्रतिवेदन र सो प्रतिवेदन प्रस्तुत भइसकेको भए सो प्रतिवेदनले उल्लेख गरेका बेरुजु तथा बेरुजु फछ्र्यौट सम्वन्धमा भएका प्रगति उपर छलफल गरी निर्णय भएको हुनुपर्नेछ ।<br>मापन तालिकाको सबै कोठाको "छ"मा ( ✔ ) चिन्ह लागेमा यो शर्त पूरा हुने । | | | | | | | |

# सिद्धार्थनगर नगरपालिका

## नगरपालिकाको आ.व. २०६९।७० को न्यूनतम् शर्त मापनको मूल्यांकन नतिजा तालिका

| समूह : | ३४ | नगरपालिका कोड : | |
|---|---|---|---|

| सूचक | नं | विश्लेषण तालिका | छ | छैन | न्यूनतम् शर्त पुरा | व्याख्या र पुष्ट्याई | श्रोतहरु |
|---|---|---|---|---|---|---|---|
| **सम्पत्ति व्यवस्थापन** | ७ | गत आ.व. सम्म आफ्नो हक भोगमा रहेको खर्च भएर जाने र खप्ने सामानको छुट्टाछुट्टै जिन्सी किताबमा आम्दानी बाँधी राखेको | ✔ | | भएको | - खप्ने सामानको जिन्सी खाता नं. म.ले.प.फा.नं. ४७ खर्च भएर जाने जिन्सी खाता म.ले.प.फा.नं. ५२ अनुसार राखिएको ।<br>- नपाको च.नं.६८४ मिति २०६९।४।२६ को पत्र बमोजिम व.अधिकृत श्री विवेक कुमार खनाललाई जिन्सी निरीक्षण गर्न पत्र दिए बमोजिम नीजले जिन्सी निरीक्षण गरी मिति २०६९।५।२६ को निवेदन बमोजिम जिन्सी निरीक्षण प्रतिवेदन दिएको ।<br>- प्रतिवेदनमा आम्दानी बाध्नु पर्ने कुनै सामान नरहेको ।<br>- मालसामान संरक्षण गर्न उल्लेख गर्दै ११ पेजको विवरण पेश गरेको ।<br>- पुरानो टुटफुट सामान लिलाम गर्नुपर्ने उल्लेख गरेको ।<br>- पुरानो मोटरसाइकल, इटालियन जीप, टेवल, दराज लगायत जम्मा ३८८ किसिमका १२३८ सामानहरु लिलाम गर्नुपर्ने उल्लेख भएको ।<br>- जग्गा जमिनहरुको उचित संरक्षणको लागि तारवार गर्नुपर्ने उल्लेख गरेको ।<br>- मर्मत गरी काम लाग्ने सामानहरुको विवरण पेश नभएको ।<br>- लिलाम विक्रीका लागि मिति २०७०।१।२९ को सदर टिप्पणी अनुसार ३ जनाको मूल्यांकन व्यवस्थापन समिति गठन भै मिति २०७०।३।१० मा बसेको मूल्यांकन समितिको ठहर बमोजिम लिलाममा लैजान निर्णय गरेको । मिति २०७०।३।२५ मेचीकाली पत्रिका वर्ष १३ अंक २०२ मा लिलामको सूचना प्रकाशन भएको । मिति २०७०।५।१३ मा रु.७०,८७१।- रसिद नं.०२१८३ बाट आम्दानी भएको समेत देखिन्छ ।<br>- नपाले आ.व.२०६९।०७० मा हाते ठेला, वारुण यन्त्र, ट्याक्टर, मोटरसाइकल, जेनेरेटर साइकल आदि नियमित मर्मत हुने गरेको र यस वापत रु.५,४५,४३६।२२ मर्मतमा खर्च भएको समेत देखिन्छ ।<br>- सार्वजनिक जग्गा बाटो नदी जंगलको कूल ३५५ विघा १० कट्टा १२ धुर जग्गाको अभिलेख व्यवस्थित गरी राखेको ।<br>- नपाको १-१३ वडासम्म १९ वटा भवन रहेको पुस्तिकामा देखिन्छ ।<br>- नपामा १२ वटा मन्दिर रहेको उक्त रजिष्टर पुस्तिकामा रहेको देखिन्छ । | जिन्सी खाताहरु, जग्गाको अभिलेख, निरीक्षण प्रतिवदन, पत्रहरु, पत्रिका |
| | | गत आ.व.मा जिन्सी निरीक्षण गरी प्रतिवेदन पेश गरेको | ✔ | | | | |
| | | सम्पन्न जिन्सी निरीक्षण प्रतिवेदनमा निम्न कुराहरु उल्लेख भएको : | ✔ | | | | |
| | | क) जिन्सी किताबमा आम्दानी नबाँधिएका सामानहरु भए सोको विवरण | | | | | |
| | | ख) मालसामान संरक्षण र सम्भार व्यवस्थाको अवस्था उल्लेख | | | | | |
| | | ग) मर्मत गर्नुपर्ने र लिलाम गर्नुपर्ने भए सो सामानको विवरण | | | | | |
| | | प्रतिवेदनमा उल्लेख भएबमोजिम मर्मत सम्भार वा लिलाम बिक्री गर्नुपर्नेमा गरेको र आम्दानी बाँध्न छुट भएको सामान भए आम्दानी बाँधेको | ✔ | | | | |
| | | सरकारी /सार्वजनिक जग्गाको अद्यावधिक अभिलेख व्यवस्थित गरी राखेको | ✔ | | | | |
| मापन तालिकाको सबै कोठाको "छ" मा ( ✔ ) मा चिन्ह लागेमा यो शर्त पूरा हुने तर आ.व. ०६९/७० को लागि मापन तालिकाको एक देखि चार सम्मको कोठाको "छ"मा ( ✔ ) चिन्ह लागेमा यो शर्त पूरा हुने । | | | | | | | |
| **भवन निर्माण तथा नक्सा पास** | ८ | भवन निर्माण सम्बन्धी मापदण्ड स्वीकृत गरी कार्यान्वयनमा ल्याएको | ✔ | | भएको | - भवन निर्माण सम्बन्धी मापदण्ड, २०५६ मिति ०६८।९।२८ को १५ औं नगर परिषद्को निर्णय नं. १६ बाट परिमार्जन सहित स्वीकृत भई कार्यान्वयनमा ल्याएको । १६ औं नगर परिषद्को निर्णय नं. १५ अनुसार भवन निर्माण तथा नक्सापास सम्बन्धी अद्यावधिक मापदण्ड कार्यविधि, २०६९ लाई परिमार्जन सहित स्वीकृत गरिएको । सोही परिषद्को निर्णय नं. १३ अनुसार घर नक्सा स्वीकृती शुल्कमा परिवर्तन गरी स्वीकृत गरिएको । ५० पानाको दस्तखत फारम तयार गरी रु.६००।- मा उपलब्ध गराई दरखास्त लिने गरेको । उक्त फारममा राष्ट्रिय भवन संहिता, कार्यान्वयन कार्यविधि आदि समावेश गरिएको । ४ किसिमको घर मापदण्ड निर्धारण गरिएको । ग्रामीण क्षेत्रका लागि भवन निर्देशिका तयार गरि लागू गरिएको । | परिषद्को माइन्यूट, दरखास्त फारम, स्वीकृत नक्शा, मापदण्ड |
| | | भवन निर्माण तथा नक्सापास सम्बन्धी कार्यविधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको | ✔ | | | | |
| मापन तालिकाको सबै कोठाको "छ"मा ( ✔ ) चिन्ह लागेमा यो शर्त पूरा हुने । | | | | | | | |

# सिद्धार्थनगर नगरपालिका

## नगरपालिकाको आ.व. २०६९।७० को न्यूनतम् शर्त मापनको मूल्यांकन नतिजा तालिका

| समूह : | ३४ | नगरपालिका कोड : | |
|---|---|---|---|

| सूचक | नं | विश्लेषण तालिका | छ | छैन | न्यूनतम् शर्त पुरा | व्याख्या र पुष्ट्याई | श्रोतहरु |
|---|---|---|---|---|---|---|---|
| **आय-व्यय विवरण र राजस्वका दरहरु सार्वजनिकीकरण** | ९ | गत आ. व. को आय व्यय विवरण चालु आ.व. को श्रावण मसान्तभित्र सूचना पाटी र वेभ साइट वा पत्रपत्रिका मार्फत सार्वजनिक गरेको | ✔ | | **भएको** | - आ.व. २०६९।०७० को वार्षिक आय र व्यायको विवरण सिद्धार्थ सन्देश राष्ट्रिय दैनिकमा वर्ष १ अंक २६४ मिति २०७०।४।१३ गते प्रकाशन गरी सार्वजनिक गरेको ।<br>- वडा समितिको सूचना पाटीमा टाँस गरी आय व्यय विवरण सार्वजनिक गरी मुचुल्का फाइलमा राखेको ।<br>- आ.व.२०७०।०७१ को राजश्वका दरहरु राष्ट्रिय दैनिक नयाँ भावना वर्ष ६, अंक ६४, मिति २०६९।१०।२६ गते सार्वजनिक गरेको र नपा सूचना पार्टीमा तथा ल्फास वोर्डमा लेखी सार्वजनिक गरेको साथै राजश्व शाखामा समेत राखिएको । | बेजट पुस्तिका, पत्रिका, मुचुल्का, वेभ साइड |
| | | चालु आ.व.को राजस्वका दरहरुको विवरण नगरपरिषद्ले पारित गरेको एक महिनाभित्र वेभ साइट र पत्रपत्रिका मार्फत सार्वजनिक गरेको | ✔ | | | | |
| मापन तालिकाको सबै कोठाको "छ"मा ( ✔ ) चिन्ह लागेमा यो शर्त पूरा हुने । | | | | | | | |
| **कर्मचारी व्यवस्थापन** | १० | ऐनको दफा २४९ बमोजिमको प्रक्रिया पूरा गरी परिषदबाट दरबन्दी स्वीकृत भएको | ✔ | | **भएको** | - मिति २०६८।९।२८ गते बसेको १५ औं नगरपरिषद्को निर्णय नं.२ बमोजिम आ.व.२०६९।०७० को लागि संगठन चार्ट सहित कार्यकारी अधिकृत लगायत सहायक स्तरसम्म १९८ पद स्वीकृत गरेको । स्थायी पद १४७, करार ३१ र रिक्त २० रहेको विवरणबाट देखिन्छ । उक्त पद गतवर्ष भन्दा कम पद स्वीकृत गरेको पाइयो । गत वर्ष २३९ पद रहेको देखिन्छ ।<br>- नयाँ दरबन्दी स्वीकृत गरेको देखिएन ।<br>- मिति २०६८।९।२८ को १५ औं नगरपरिषद्को निर्णय नं. ४ मा पदपूर्ति समितिको अध्यक्ष पदमा श्री प्रसाद मणि दिक्षीतलाई नियुक्ती गर्ने निर्णय अनुसार नपाको च.नं.१८७१ मिति २०६९।६।१ मा पदपूर्ति समितिको अध्यक्ष पदमा नियुक्ती भै निजको अध्यक्षतामा टमलाल पाण्डे, प्रमुख लोकसेवा आयोग, बुटवल सदस्य, विष्णु प्रसाद भुषाल सदस्य र टीकादत्त राई का.अ. सदस्य सचिव र व.अ. श्री विवेक खनालको पदपूर्ति समिति गठन भएको ।<br>- आ.व.२०६९।०७० मा मिति २०६९।६।२ देखि आ.व.को अन्त सम्ममा १८ पटक पदपूर्ति समितिको बैठक बसी मिति २०६९।८।२५ गतेको बैठकले शाखा अधिकृत देव प्रसाद ज्ञावलीलाई बढुवा गरी नियुक्ती गर्न नपामा सिफारिस गरेको साथै दुर्गा कुमारी कोइराला र रीता कुमारी पोखरेललाई खरिदार पदमा बढुवा नियुक्ती गर्ने सिफारिस गरेको ।<br>- मिति २०६९।९।६ को नपा वोर्ड बैठकबाट आन्तरिक प्रतिस्पर्दाद्वारा पास भएकालाई परिषद्बाट अनुमोदन गराउने निर्णय बमोजिम मिति २०६९।९।२६ मा बसेको १६ औं नगरपरिषद्ले अनुमोदन गरेको पाइयो ।<br>- स्थायी दरबन्दी १४७ जना मध्ये सरसफाई कर्मचारी २२ जना, नगर प्रहरी १ जना, सहयोगी २ जना, सहायक स्तर २ जना, ड्राइभर हलुका १ जना, भारी सवारी चालक २ जना, सहायक इलेक्ट्रिसियन १ जना गरी ३१ जना पहिले देखि करारमा काम गर्दै आएको यस आ.व.मा समेत निरन्तरता दिएको ।<br>- आ.व.२०६९।०७० मा अस्थायी पदमा कुनै कर्मचारी नियुक्ती गरेको नपाइएको ।<br>- नपाको च.नं.४४३२ मिति २०६९।८।२८ गतेको पत्रबाट श्री देव प्रसाद ज्ञावलीलाई अधिकृत छैठौं तहमा बढुवा नियुक्ती गरी सोही पत्रसाथ विवरण ३० वटा बुँदा रहेको कार्य विवरण दिएको ।<br>- नपाको च.नं.४४३३ र ४४३४ मिति २०६९।८।२८ को पत्रबाट श्री दुर्गा कुमारी कोइराला र रिता कुमारी पोखरेल (धिमाल) लाई खरिदार पदमा बढुवा नियुक्ती गरी क्रमशः ७ र ८ वटा बुँदाको कार्य विवरण समेत दिएको । | परिषद् बैठक पुस्तिका, पदपूर्ति समितिको बैठक माइन्यूट, लेखा परीक्षण प्रतिवेदन, दरबन्दी र पदपूर्ति विवरण |
| | | स्वीकृत दरबन्दीमा प्रशासनिक खर्चको सिमा ननाघ्ने गरी पदपूर्ति समितिको सिफारिशमा नियुक्ति गरेको | | ✔ | | | |
| | | लोक सेवा आयोगको प्रतिनिधि सहितको उपस्थितिमा पदपूर्ति समितिले पदपूर्ति सम्बन्धी निर्णय गरेको | ✔ | | | | |
| | | स्वीकृत स्थायी दरबन्दी भन्दा बढि कर्मचारी नियुक्ति नगरेको | ✔ | | | | |
| | | स्वीकृत स्थायी दरबन्दीमा अस्थायी नियुक्ति नगरेको | ✔ | | | | |
| मापन तालिकाको सबै कोठाको "छ"मा ( ✔ ) चिन्ह लागेमा यो शर्त पूरा हुने तर आ.व. ०६९/७० को लागि मापन तालिकाको कुनै तीन कोठा को "छ"मा ( ✔ ) चिन्ह लागेमा यो शर्त पूरा हुने । | | | | | | | |

# सिद्धार्थनगर नगरपालिका

## नगरपालिकाको आ.व. २०६९।७० को न्यूनतम् शर्त मापनको मूल्यांकन नतिजा तालिका

| | | | |
|---|---|---|---|
| **समूह :** | ३४ | **नगरपालिका कोड :** | |

| सूचक | नं | विश्लेषण तालिका | छ | छैन | न्यूनतम् शर्त पुरा | व्याख्या र पुष्ट्याई | श्रोतहरु |
|---|---|---|---|---|---|---|---|

**निष्कर्ष र सुझाव :**

| | | | |
|---|---|---|---|
| वित्तीय व्यवस्थापन विज्ञ<br>नाम :<br>मिति : | | स्थानीय शासन विज्ञ<br>नाम :<br>मिति : | |